# नेपाल ट्रष्टको स्वामित्वमा रहेका ऐतिहासिक एवं साँस्कृतिक महत्वका सम्पदा अवलोकन तथा सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ को उपदफा २ को खण्ड (क१) तथा नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ को उपनियम (२क) को खण्ड (ख) बमोजिम नेपाल ट्रष्ट सञ्चालक समितिले नेपाल ट्रष्टको कार्यालयको स्वामित्वमा रहेको सम्पदा सर्वसाधारणलाई अवलोकनका लागि खुल्ला गरी पर्यटकीय तथा व्यावसायिक गतिविधि सञ्चालन गर्न नेपाल ट्रष्ट सञ्चालक समितिले नेपाल ट्रष्ट नियमावली, २०७५ को नियम १६ को उपनियम (१) बमोजिम यो कार्यविधि बनाएको छ ।

१. **कार्यविधिको संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"नेपाल ट्रष्टको स्वामित्वमा रहेका** ऐतिहासिक एवं साँस्कृतिक महत्वका सम्पदा अवलोकन तथा सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इकाई कार्यालय" भन्नाले नेपाल ट्रष्ट मातहतको सम्पदा अवस्थित जिल्लाको इकाई कार्यालय सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले नेपाल ट्रष्ट ऐन, २०६४ सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले नेपाल ट्रष्टको स्वामित्वमा रहेका ऐतिहासिक एवं साँस्कृतिक महत्वको सम्पदा अवलोकन तथा सञ्चालन कार्यविधि, २०८०सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले नेपाल ट्रष्टको कार्यालय सम्झनु पर्छ ।

(ङ) "टिकट" भन्नाले अवलोकनको लागि अनुमति प्राप्त हुने रसिद वा अनलाइन टिकटलाई सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले नेपाल ट्रष्ट नियमावली, २०६५ सम्झनु पर्छ ।

(छ) "सञ्चालक समिति" भन्नाले नेपाल ट्रष्ट सञ्चालक समिति सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले नेपाल ट्रष्टको स्वामित्वमा रहेका ऐतिहासिक एवं साँस्कृतिक महत्व सहितको सम्पदा रहेको स्थानीय तह सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठित सहजीकरण समिति सम्झनु पर्छ ।

(ञ) "सम्पदा" भन्नाले नेपाल ट्रष्टको ऐतिहासिक एवं साँस्कृतिक महत्व रहेको भरतपुर महानगरपालिका-१ आँपटारीस्थित दियालो बंगला वा पोखरा महानगरपालिका-६ वैदाम फेवातालस्थित रत्न मन्दिर वा हेटौडा उप-महानगरपालिका-१० रानीदरवारस्थित कान्ति इश्वरी गृहलाई सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

(१) नेपाल ट्रष्टको स्वामित्वमा रहेको सम्पत्तिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने।

(२) नेपाल ट्रष्टको स्वामित्वमा रहेको ऐतिहासिक एवं साँस्कृतिक महत्व रहेको स्थानमा सर्वसाधारणको अवलोकनका लागि खुल्ला गर्ने।

(३) नेपाल ट्रष्टको स्वामित्वमा रहेको सम्पत्तिको ऐतिहासिक एवं साँस्कृतिक महत्व र मौलिकतामा खलल नपुग्ने गरी पर्यटकीय गतिविधि सञ्चालन गर्ने गराउने।

(४) कार्यालयको सम्पत्ति उपयोग गरी पर्यटकीय तथा व्यावसायिक गतिविधिका माध्यमबाट ट्रष्टको आम्दानीमा वृद्धि गर्ने।

**४. सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले सम्पदा अवस्थित स्थानीय तहसँगको सहकार्यमा सर्वसाधारणलाई अवलोकनका लागि खुला गर्न सक्नेछ।

(२) यस कार्यविधि बमोजिम सम्पदा व्यवस्थापन तथा सञ्चालनको लागि स्थानीय तहबाट अनुरोध भई आएमा सञ्चालक समितिको निर्णय अनुसार कार्यालयले स्वीकृति दिन सक्नेछ।

(३) कार्यालय तथा स्थानीय तहले उपदफा (१) बमोजिम खुल्ला गरिएको सम्पदाको ऐतिहासिक एवं साँस्कृतिक स्वरुपमा सारभुत रूपमा परिवर्तन नहुने गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(४) सञ्चालक समितिले निर्धारण गरेको प्रवेश शुल्क (टिकट) बमोजिम स्थानीय तहले स्वदेशी तथा विदेशी पर्यटकलाई प्रवेशको व्यवस्था मिलाउनु पर्नेछ।

(५) कार्यालयले सम्पदामा रहेका वस्तुहरुको संरक्षण गरी अवलोकनको लागि संस्कृति विज्ञ तथा पुरातत्वविद्सँग आवश्यक परामर्श लिन सक्नेछ।

(६) कार्यालयले ऐतिहासिक एवं साँस्कृतिक महत्वका सम्पदाहरु अवलोकनका लागि खुल्ला गर्दा सो स्थानमा रहेका वस्तुहरु सुरक्षित हुने गरी सञ्चालन गर्नु पर्नेछ।

**५. सहजीकरण समितिः** (१) सम्पदा संरक्षण, व्यवस्थापन र सञ्चालनमा आवश्यक सहयोग पुऱ्याउन कार्यालय र स्थानीय तहको तर्फबाट देहाय बमोजिमको सहजीकरण समिति रहनेछ ।

| | |
|---|---|
| (क) सञ्चालक समितिको सदस्य सचिव | संयोजक |
| (ख) उपसचिव, सम्पत्ति व्यवस्थापन शाखा, नेपाल ट्रष्टको कार्यालय | सदस्य |
| (ग) स्थानीय तहले तोकेको सम्बन्धित स्थानीय तहको बरिष्ठ अधिकृत | सदस्य |
| (घ) स्थानीय तहले तोकेको सम्बन्धित स्थानीय तहको इन्जिनियर | सदस्य |
| (ङ) अधिकृत, सम्पत्ति व्यवस्थापन शाखा, नेपाल ट्रष्टको कार्यालय | सदस्य सचिव |

(२) समितिको बैठक संयोजकले तोकेको स्थान, मिति र समयमा आवश्यकता अनुसार बस्नेछ।

(३) समितिलाई विशेषज्ञको सहयोग आवश्यक पर्ने भएमा सम्बन्धित विषयको दुई जनासम्म विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक भत्ता नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्धारित मापदण्ड बमोजिम हुनेछ।

**६. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) सम्पदा र परिसर सर्वसाधारणलाई अवलोकनको लागि खुल्ला गर्ने प्रयोजनार्थ भौतिक पूर्वाधारको स्थिति, मर्मत सम्भार तथा थप निर्माण गर्नुपर्ने कार्यका लागि कार्यालयमा सिफारिस गर्ने।

(२) अवलोकनको लागि आवश्यक पर्ने परिसरको जग्गाको सीमाङ्कन सम्बन्धमा अध्ययन/पुष्ट्याई सहित कार्यालय र स्थानीय तहमा सिफारिस गर्ने ।

(३) विदेशी र स्वदेशी आगन्तुकहरुका लागि निर्धारित प्रवेश शुल्कमा परिवर्तन वा थपघट सम्बन्धी विषयमा कार्यालयमा सिफारिस गर्ने ।

(४) सम्पदा र परिसरमा गर्नुपर्ने संरचना निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार गरी कार्यालय र स्थानीय तहमा सिफारिस गर्ने ।

(५) सम्पदा र परिसरमा कुनै किसिमको भौतिक संरचना निर्माण र मर्मत सम्भार सम्बन्धी कार्य गर्नुपर्ने भएमा स्थानीय तह र कार्यालयमा सिफारिस गर्ने।

**७.कार्यालयको काम, कर्तव्य र अधिकारः**

(१) सम्पदा र परिसरमा भौतिक पूर्वाधारहरुको निर्माण, मर्मत सम्भारको लागि वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(२) सम्पदा र परिसरको प्रवेश शुल्क निर्धारणको लागि दफा (५) बमोजिम गठित समितिको सुझावलाई समेत मध्यनजर राखी सञ्चालक समिति समक्ष प्रस्ताव पेश गर्ने ।

(३) सम्पदा र परिसर सञ्चालनको अवस्था तथा ऐतिहासिक सामग्री संरक्षण सम्बन्धमा आवश्यकता अनुसार कर्मचारी खटाउने र इकाई कार्यालयलाई निर्देशन दिने ।

(४) कार्यालयको वार्षिक कार्यक्रममा नपरेको तर तत्काल थप संरचना बनाउनु पर्ने देखिएमा बजेटको सुनिश्चितता गरी सञ्चालक समितिको निर्णय अनुसार गर्ने ।

**८. स्थानीय तहको काम, कर्तव्य र अधिकारः**

(१) सम्पदा तथा परिसर अवलोकनका लागि खुल्ला गर्दा सो क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहको हुनेछ ।

(२) स्थानीय तहले देहाय बमोजिमका सम्पूर्ण मर्मत सम्भार तथा व्यवस्थापनका खर्चहरु व्यहोर्नु पर्नेछ ।

(क) सम्पदा तथा परिसरको सञ्चालन गर्दा आवश्यक पर्ने पानी, बत्ति, इन्टरनेट, टेलिफोन लगायतको महसुल तथा त्यसको मर्मत सम्भार र टिकटको छपाई सम्बन्धी खर्च।

(ख) सम्पदा तथा परिसरमा आवश्यक पर्ने जनशक्ति (टिकट विक्री वितरण गर्ने कर्मचारी, गार्ड, कुचीकार, माली, पथ प्रदर्शक आदि) को पारिश्रमिक/ सेवा सुविधा सम्बन्धी खर्च।

(ग) सम्पदा परिसरको सिसिटिभीको नियमित मर्मत सम्भार खर्च ।

(घ) सम्पदा परिसरमा वाटिकाको नियमित संरक्षण तथा मर्मत सम्भारमा लाग्ने खर्च ।

(ङ) सम्पदा र परिसरको प्रचार प्रसारको लागि आवश्यक पर्ने खर्च ।

(३) अशक्त, जेष्ठ नागरिक तथा बालबालिकाको आवतजावतका लागि कार्यालयको अनुमति लिई सम्पदा परिसरभित्र विद्युतीय परिवहनको प्रयोग गर्न सकिनेछ ।

(४) स्थानीय तहले सम्पदा तथा परिसरको अवलोकनको लागि विक्री वितरण भएका टिकटबाट प्राप्त हुन आउने आयको पचास प्रतिशत रकम मासिक रुपमा कार्यालयमा बुझाउनु पर्नेछ।

(५) टिकटबाट प्राप्त हुन आउने बाँकी पचास प्रतिशत रकम भित्रबाट उपदफा (२) बमोजिमको खर्च व्यवस्थापन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको रकम भित्रबाट खर्च ब्यबस्थापन अपुग भएमा दफा (५) अनुसारको सहजीकरण समितिको सिफारिसमा सञ्चालक समितिले टिकटबाट प्राप्त हुन आउने रकममा पुनरावलोकन गर्ने सक्नेछ।

**९. इकाइ कार्यालयको काम, कर्तव्य तथा अधिकारः**

(१) इकाई कार्यालयले सम्पदा तथा परिसरको दैनिक रुपमा रेखदेख तथा निरीक्षण गरी नियमित रुपमा सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ ।

(२) सम्पदा तथा परिसरको अवलोकन गर्ने सर्वसाधारण आगन्तुकको विद्युतीय तथा भौतिक रुपमा निगरानी गर्नुपर्नेछ ।

(३) इकाई कार्यालयले सम्पदा तथा परिसरमा मर्मत सम्भार तथा आवश्यक संरचनाको निर्माण गर्नुपर्ने देखिएमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(४) सम्पदा तथा परिसरमा रहेका सरसामानहरुको रेखदेख र संरक्षण गर्ने मुख्य जिमेवारी इकाई कार्यालयको हुनेछ।

(५) सम्पदा तथा परिसर अवलोकनको लागि खुल्ला गरिएको सार्वजनिक विदाको दिनमा आलोपालो मिलाई आवश्यक कर्मचारीको व्यवस्थापन गर्नु पर्नेछ ।

(६) सम्पदा प्रवेशद्वार र भवनभित्र रहेका कोठाहरुको ताल्चा साँचो इकाई कार्यालयको जिम्मामा हुनेछ।

(७) सम्पदा र परिसरमा खटिएका स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने काम इकाई कार्यालयको हुनेछ ।

**१०. विविधः** सम्पदा अवलोकनको लागि व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार सञ्चालक समितिमा रहनेछ ।

**११. कार्यविधिको संशोधनः** यस कार्यविधिको संशोधन गर्ने अधिकार सञ्चालक समितिमा रहनेछ ।